आज मिति २०८२ साल जेष्ठ २३ गते मंगलबारको दिन ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को [illegible] कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविका राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लंक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

प्रस्तावहरू

१. समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. आगामी आ.व. ०८२/०८३ को अनुमानित बजेट सम्बन्धमा।
४. पूर्वाधार घोषणा मिति तय गर्ने सम्बन्धमा।
५. राय सुझावको लागि आम भेला गर्ने सम्बन्धमा।
६. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल जेष्ठ १३ गते बसेको पन्ध्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम जनमुखी, भुगोल सुहाउदो भौतिक पुर्वाधार, व्यवहारिक, रोजगार सिर्जना भई आत्मनिर्भर गराउने, स्वास्थ्य, शिक्षा मैत्री, कृषकहरुको मागमा आधारित, खोज अनुसन्धानमुलक, सिर्जनशिल तथा सुचना प्रविधीमैत्री नीति कार्यक्रम बनाई नीति तथा कार्यक्रम संग मेल खाने बजेट बनाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को प्रस्तावित बजेट तपशिल बमोजिम संघ तथा प्रदेश सरकारबाट प्राप्त भएको र सो बजेटको सिमा भित्र रहि आगामी आ.व.को बजेट तथा कार्यक्रम बनाउने सर्वसम्मत निर्णय गरियो।

## तपशिल

| आय | | रकम |
|---|---|---|
| संघ | समपुरक | १३९००००० |
| | सशर्त अनुदान चालु | १५६४००००० |
| | सशर्त अनुदान पुँजी | १००००००० |
| | समानिकरण अनुदान | १०१२००००० |
| | राजश्व बाँडफाँड | ९५८७२७६३ |
| | विषेश अनुदान | ६८००००० |
| प्रदेश | समानिकरण अनुदान | |
| | सवारी साधन करको बाँडफाड | ७४३४००० |

| | | |
|---|---|---|
| | समपुरक | |
| | सशर्त अनुदान पुँजी | |
| | सशर्त अनुदान चालु | |
| आन्तरिक श्रोत | अघिल्लो आ. व. को अल्या | |
| | राजश्व अनुमान | २०००००० |
| **जम्मा आय** | | ३९३६०६७६३ |

**प्रस्ताव नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला खोप समन्वय समितिको च.नं. ३६४ पत्र मिति २०८२।०२।२२ गतेको पुर्ण खोप तथा दिगोपना प्रमाणिकरण सम्बन्धी पत्र बमोजिम सिलीचोङ गाउँपालिकालाई पुर्ण खोप घोषणा गर्न स्वीकृती प्राप्त भई आएको हुदाँ यहि मिति २०८२।०२।२८ गते पुर्ण खोप घोषणा तथा प्रामाणिकरण सभा आयोजना गर्ने र उक्त घोषणा कार्यक्रममा जिल्ला पुर्णखोप समन्वय समिति सङ्खुवासभाका पदाधिकारीज्यूहरुलाई आमन्त्रण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको नीति, कार्यक्रम, बजेट निर्माण, राजश्व परिचालन मध्यमकालिन खर्च निर्माण तथा आवधिक योजना निर्माणमा आवश्यक राय सुझाव, पेश गर्नका लागि पालिका स्थित राजनैतिक दलका प्रतिनिधी, बुद्धिजिवी, समाजसेवी, संघ/संस्थाका प्रतिनिधीहरुलाई आमन्त्रण गरि मिति २०८२।०२। ३० गते आम बैठक बोलाई राय सुझाव संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित) को दफा ६६ को उप दफा (१) बमोजिम तपशिल बमोजिम श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

१.श्री भुपाल राज राई - संयोजक

२.श्री देविता राई - सदस्य

३.श्री शारदा कुमारी राई- सदस्य

४.श्री रेबिका रसाईली- सदस्य

५.श्री सागर राई- सदस्य

६.श्री सन्तोस राई- सदस्य

७.श्री भद्र बहादुर राई- सचिब